जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २५९ २०८२ साल जेठ ५ गते सोमबार (19 May 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अझै कार्यान्वयन हुन सकेनः ... ३ पृष्ठमा : नेपालको आर्थिक वृद्धिदर ... ३ पृष्ठमा : नाइट क्लबको छत ...

## दुई किशोर वेपत्ता





**दैनिक समाचारदाता**
**राजविराज, ४ जेठ।**

बेहुलीसँगै राजविराज आएका एक नातेदार र सप्तरीबाट अध्ययनका लागी जनकपुर निस्केका दुई जना किशोर वेपत्ता भएका छन।

वेपत्ता हुनेमा एक जना सप्तरीका १७ वर्षि मोहम्मद फैसल र अर्का छिमेकी जिल्ला सुनसरीका १७ वर्षकै राजा मेहता छन।

सप्तरीको बोदेबर्साइन नगरपालिका ३ सारस्वर टोल निवासी मो.फैसल बैशाख १७ देखी वेपत्ता छन। सुनसरीको देवानगंज गाउँपालिका ६ का राजा मेहता भने जेठ १७ गते देखी वेपत्ता छन।

मो.फैसल बैशाख १७ गते देखी परिवारजनसँग सर्म्पक विहीन छन भने राजा मेहता जेठ १ गते देखी सम्पर्क विहिन भएको उनका परिवारजनको भनाई छ।

उनीहरु अहिले प्रहरीका साथै नेपाल तथा भारतमा रहेका आफन्त र चिनजानका सबैमा जानकारी गराउदै भौतारिएका छन। दुबैका परिवारजनले सप्तरीको इलाका प्रहरी कार्यालय कडोरबोना, इलाका प्रहरी कार्यालय बोदेबर्साइन र जिल्ला प्रहरी कार्यालय सप्तरीमा हुलिया विवरण सहितको निवेदन दिई खोजतलासका लागी आग्रह गरेका छन।

मो.फैसल विदा सकिएपछी बैशाख १७ गते विसनपुर चौकमा वस चढी उनी अध्यनरत जनकपुरस्थित इस्लाममियाँ सनफियाँ मदरसाका लागी प्रस्थान गरेका थिए। उनलाई छाड्न सँगै आएकी आमा संजिला खातुनले ३ हजार ५ सय रुपैया आवश्यक खर्चका लागी छोराको हातमा दिदै विदाइ गरेर घर फर्केकी थिइन। तर छोरा मदरसामा नपुगेको र बीच बाटो बाटै हराएको थाहा पाएपछी उनी प्रहरी शरणमा पुगेकी थिइन।

समाजसेवी एवं भुमि समस्या समाधान आयोग सप्तरीका सदस्य समेत रहेका मो.अनवर अलीले विद्यालय हिडेको किशोर बाटो बाटै वेपत्ता हुनु चिन्ताको विषय भएको भन्दै खोजतलासमा सबैले सहयोग गर्नु पर्ने बताएका छन।

यता विहेबारी सकिएपछि फर्किन लागेका जन्ती र बेहुली बोकेको गाडीमा चढेर राजविराज आएका सुनसरीको देवानगंज गाउँपालिका ६ निवासी रमेश मेहताका १७ वर्षिय छोरा राजा मेहता पनि विगत २ दिन देखी वेपत्ता छन।

राजविराज ९ मलेठबाट गएको जन्ती विहे सम्पन्न भएपछि जेठ १ गते राजविराज फर्किएको थियो। राजा मेहताका काका उमेशका अनुसार जेठ २ गते विहान ९/१० बजे सम्म भतिज मलेठ मै थिए। तर त्यसको केही समय पछि नै उनी सम्पर्क विहीन भए। उनले दिनभर खोजतलास गर्दा पनि फेला नपरेपछी खोजतलासका लागी जिल्ला प्रहरी कार्यालय सप्तरीमा हुलिया विवरण सहितको निवेदन दिएको बताए।

वेपत्ता दुबै किशोरका आफन्तबाट खोजीका लागी निवेदन आएको र उनीहरुको हुलिया विवरण सबै प्रहरी कार्यालयमा पठाई खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

## खैरो हिरोइन र नगदसहित दाजुबहिनीसँगै चार जना पक्राउ



**दैनिक समाचारदाता**
**सिरहा, ४ जेठ।**

सिरहा प्रहरीले ठूलो परिमाणमा लागुऔषध खैरो हिरोइन र नगदसहित पक्राउ परेका दाजुबहिनीलाई आइतबार सार्वजनिक गरेको छ।

गोप्य सूचनाको आधारमा वैशाख २ मा लहान नगरपालिका १२ भोटिया टोलबाट पक्राउ परेका उनीहरुलाई सार्वजनिक गरिएको छ। पत्रकार सम्मेलनमा प्रहरी प्रवक्ता तथा डीएसपी वीरेन्द्र पासवानले दिनेश लागुऔषध मुद्दामै जेल सजाय काटेको पनि खुलेको जानकारी दिए।

पक्राउ पर्नेमा लहान नगरपालिका २२ का ३२ वर्षीय दिनेशकुमार यादव र उनकी बहिनी २६ वर्षीया किरणकुमारी छन्। उनीहरुबाट ५५ लाख २२ हजार ८३ रुपैयाँ नगद र खैरो हिरोइन जस्तो देखिने पदार्थ प्लास्टिकसहित २.९ ग्राम तथा प्लास्टिकबाहेक २.१ ग्राम बरामद गरिएको सिरहा प्रहरीले जनाएको छ।

उनका अनुसार यादव २०८० साउन १२ मा प्लास्टिकसहित ४.४ ग्राम र प्लास्टिकबाहेक ३.६ ग्राम खैरो हिरोइनसहित पक्राउ परेका थिए। सो मुद्दामा असोज २४ गते पुर्पक्षका लागि कारागार चलान भएकोमा अदालतको फैसलाबमोजिम ६ महिना कैद भुक्तान गरी छुटेको खुलेको छ।

सिरहाका प्रहरी प्रमुख एसपी अनन्तराम शर्माले बरामद रकम उनीहरुले खैरो हिरोइन बिक्रीबाट जम्मा पारेको खुलेको जानकारी दिए। बरामद खैरो हिरोइन करिब ८ लाखभन्दा बढीको रहेको छ।

*बाँकी अन्तिम पृष्ठमा*

## कैद सजाय तोकिएका तीन जना फरार अभियुक्त पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, ४ जेठ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले आइतबार अदालतबाट कैद सजाय तोकी फरार रहेका तीन जना अभियुक्तलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले सप्तरी जिल्ला अदालतबाट विभिन्न मुद्दामा फैसला भई कैद सजाय तोकिएका तीन जनालाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा ठगि मुद्दाका सप्तरीको तिरहुत गाउँपालिका २ का सुमन कुमार मिश्रा छन्। उनलाई सो मुद्दामा सप्तरी जिल्ला अदालतले २ वर्ष ११ महिना १० दिन कैद सजाय तोकेको थियो।


यस्तै लेनदेन बिगो मुद्दाका फरार प्रतिवादी सप्तरीको डाक्नेश्वरी नगरपालिका २ निवासी सन्तोष कुमार साह पनि पक्राउ परेका छन्। सो मुद्दामा सप्तरी जिल्ला अदालतले उनलाई एक वर्ष सजाय कैद हुने ठहर गरेको थियो।

यसैगरि सोही मुद्दामा सप्तरी जिल्ला अदालतबाट २ महिना कैद सजाय तोकिएको सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ३ निवासी बद्री मुखिया पनि पक्राउ परेका छन्। उनलाई सप्तरी जिल्ला अदालतले उक्त मुद्दामा दुई महिना कैद सजाय हुने फैसला गरेको थियो।

अदालतको फैसलापछी फरार रहेका उनीहरुलाई खोजतलासका क्रममा गाउँ घरमा लुकीछिपी बसेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए। पक्राउ परेकाहरुलाई आइतबार नै कैद सजाय भुक्तानका लागी अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ।

## भावपूर्ण श्रद्धाञ्जली

जन्म मिति
बि. सं. १९८७/५/३



स्वार्गारोहण
बि. सं. २०८२/२/२

**स्व. लालदेव यादव**

मेरा प्रात : स्मरणीय पति लालदेव यादवको असमायिक स्वर्गारोहण भएको खबर पश्चात् उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना तथा हामीलाई यस दुःखद घडीमा समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्त एवं शुभेच्छुकहरुमा हार्दिक आभार व्यक्त गर्दछौं।

**श्रीमती : बिमलादेवी यादव**

**छोरा**
इन्द्रदेव यादव
देवेन्द्र यादव
कृष्णदेव यादव
विष्णुदेव यादव

**बुहारी**
गीतादेवी यादव
रेखादेवी यादव
कान्तीदेवी यादव
नमितादेवी यादव

**छोरी**
अम्बिका यादव

**ज्वाई**
सुरेन्द्र यादव

**एवं समस्त परिवार**

## सम्पादकीय

### समस्या समाधान गर्नेतर्फ ध्यान पुऱ्याउ

कोशी पीडितहरु मुआब्जा पाउन अझै आश लगाइरहेका छन् । दशकौंदेखी मुआब्जाको माँग गर्दै बारम्बार आन्दोलन गरेपनि समस्याको समाधान हुन सकेको छैन् । सप्तरी, उदयपुर र सुनसरी गरि तीनै जिल्लाका पीडितहरु मुआब्जा नपाएकाले झनै मर्कामा परेका छन् । बारम्बार समस्या समाधानका लागी भारत सरकारसंग कुटनीतिक पहल गर्न नेपाल सरकार उदासिन रहेको छ । २०७१ साउनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आएका बेला दुई देशमा प्रधानमन्त्री बीच कोशी पीडितको समस्या समाधान गर्ने सहमती भएपनि त्यो अहिले सम्म कार्यान्वयनमा आएको छैन् ।

कोशी सम्झौता हुदा भारतीय पक्षले डुबान क्षेत्रको मुआब्जा दिने भने पनी नदिएको तथा नेपाल सरकारले पनि सम्झौता कार्यान्वयनका लागी ठोस पहल नगरेकाले उनीहरु थप पीडामा छन् । वि.स. २०११ सालमा नेपाल-भारत बीच भएको कोशी सम्झौता अनुसार कोशी योजना अर्न्तगत परेको जग्गाको मुआब्जा तथा क्षति भएको बालीनालीको क्षतिपुर्ती भारत सरकारले दिनु पर्ने उल्लेख छ । सुनसरीको चतरादेखि भारतीय सीमा क्षेत्र कुनौली बोडर सम्म दुबै तटबन्ध बीचमा पर्ने हजारौ विगहा बाली कोशीको बाढीले वर्षेणी क्षति हुने गरेको भएपनि यसको क्षतिपुर्ती प्राप्त नभएको पीडितहरुको गुनासो छ । किसानहरुको हजारौ विगहा जग्गा कटान भएको तथा बालीमा भएको क्षतिका बारेमा सन २०१३ मा दिल्लीमा भएको नेपाल-भारत सिंचाई जलश्रोत मन्त्री स्तरिय बैठक तथा सन् २०१४ मा काठमाडौंमा आयोजित विदेश मन्त्री स्तरीय बैठकमा समेत सो विषय समावेश भए पनि आश्वासन बाहेक केही पाउन सकेका छैनन् । कोशी सम्झौताको भारत सरकारबाट पालना र कार्यान्वयन हुनुपर्ने, बाली नालीको क्षतिपुर्ती पाउने पर्ने तथा १ सय १९ वर्षको लिजमा रहेको नेपाली किसानको जग्गा जमिनको सरक्षा तथा नाप, नक्शा अविलम्ब गर्नू पर्ने मुख्य माग छ ।

आफ्नै सरकार गम्भिर नबन्दा जनता पिरोलिएका छन् । तसर्थ दुई देशबीचको सम्झौता कार्यान्वयनका लागि नेपाल सरकार गम्भिर हुनुपर्छ । यसका लागि अविलम्ब कुटनीतिज्ञ पहल आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अझै कार्यान्वयन हुन सकेन बडघरसम्बन्धी ऐन

**राजेन्द्रप्रसाद पनेरु**

कञ्चनपुर, ४ जेठ (रासस) ।

पुर्खौदेखि चलनचल्तीमा रहेको थारु समुदायको प्रथाजनित बडघर/भलमन्सा प्रणालीलाई व्यवस्थित गर्न स्थानीय तहले जारी गरेका ऐन कार्यान्वयन हुन सकेका छैनन् ।

ऐन कार्यान्वयनमा ल्याउन कार्यविधि तथा नियमावली बनाएर लागू गर्नेमा थारु अगुवाको जोड छ । आदिवासी जनजाति समुदायको बडघर/भलमन्सा ऐन कार्यान्वयन नहुँदा अलिखित( मौखिक) रुपमा चल्दै आएको छ । अलिखित कानुनमा अभ्यस्त थारु समुदायलाई लिखित कानुन प्रणालीमा आबद्ध गरी व्यवस्थित गरिनुपर्ने नेपाल आदिवासी जनजाति महासङ्घ नगर समन्वय परिषद् शुक्लाफाँटा कञ्चनपुरका अध्यक्ष हवल्दार चौधरीले बताउनुभयो ।

"लोकतान्त्रिक पद्धतिमा आधारित थारु समुदायको आफनै विशिष्ट परम्पराद्वारा सञ्चालित बडघर प्रथालाई कानुन बनाएर व्यवस्थित गर्न कञ्चनपुरका शुक्लाफाँटा, बेलौरी र कृष्णपुर लगायतका नगरपालिकाले ऐन बनाएका छन्", उहाँले भन्नुभयो, "ऐन कार्यान्वयनका लागि कार्यविधि र नियमावली बनाएर लागू नहुँदा ऐन कार्यान्वयनमा आउन सकेको छैन ।"

अरु जिल्लाका पालिकाले बनाएर लागू गरेका ऐनको सिको गरेर बनाइएको उल्लेख गर्दै उहाँले जिल्लाको भौगोलिक विशिष्टता, थारु समुदायका रहनसहन, चालचलन अनुसारको प्रचलित अलिखित रुपमा चल्दै आएको बडघर प्रथा मिल्दो ऐन बनाइनुपर्ने बताउनुभयो ।

"प्रथाजन्य कानुनलाई सञ्चालन गर्न परम्परागत संस्थाको महत्वपूर्ण भूमिका रहन्छ", उहाँले भन्नुभयो, "बडघर प्रथा समुदायअनुसार भिन्नभिन्न तरिकाले सञ्चालन भइरहेका हुन्छन्, ती सबै कुरालाई ध्यानमा राख्दै ऐन परिमार्जन गर्न जरुरी रहेको छ ।" ऐन, कार्यविधि र नियमावलीमा प्रष्टसँगै बडघरलाई गाउँको संस्कृति संरक्षण, रीतिथिति बसाल्ने, न्यायनिसाफ बसाल्ने कार्यका लागि आवश्यक बजेटको व्यवस्था मिलाउने र बडघरका पदाधिकारीलाई पहिचान दिलाउन परिचपत्रको व्यवस्था उल्लेख हुनुपर्ने उहाँको भनाइ छ ।

उहाँका अनुसार नेपालको संविधानले आदिवासी जनजाती समुदायको सामाजिक परम्परा, संस्कृतिको संरक्षण सम्बर्द्धन गर्ने नीति लिएको छ । थारु समुदायमा लोकतान्त्रकि पद्दतिअनुसार चयन हुने बडघरले गाउँको रीतिथिति बसाल्ने संस्कृतिको संरक्षण गर्ने, न्याय निसाफ छिन्ने, विकास निर्माणका कार्यमा जनसहभागिता जुटाउने कार्य गर्दछन् ।

त्यसैले संबिधानले दिएको अधिकार प्रत्याभूत गराउनका लागि बडघर ऐनलाई कार्यान्वयन गर्न आवश्यक रहेको उहाँ बताउनुहुन्छ । प्रथाजनित कानुनको महत्वपूर्ण पक्ष भनेकै यस अन्तरगतका संस्था कानुन र प्रक्रियामा समुदायको पूर्ण नियन्त्रण तथा स्वामित्व रहने गर्दछ । "यस्ता कानुनमा गल्ती गर्नेले पीडितलाई क्षतिपूर्ति दिई सजायमा पुन:स्थापन हुने सिद्धान्तमा अडिग हुने गर्दछन्", उहाँ भन्नुहुन्छ, "अलिखित रुपमा रहने यस्ता कानुन नैतिक बन्धनकारी मात्रै हुन्छन् ।"

मेलमिलापसम्बन्धी ऐन २०६८ को दफा ३३ र ३४ ले सामुदायिक मेलमिलापको विशेष व्यवस्था गरेको छ । यसबाट न्यायमा विविधिकरणको व्यवस्थाको सुरुवात भएको थारु अगुवा दुर्गा चौधरीले बताउनुभयो । थारु समुदायको परम्परागत न्याय प्रशासन र प्रथाजन्य कानुनलाई मान्यता दिएर न्यायमा आदिवासी जनजातीको सहज पहुँच तथा मेलमिलापमा आधारित न्याय प्रणालीलाई संस्थागत गरी बदलिँदो परिवेश सुहाउँदो न्यायिक प्रणालीको विकास गर्न जरुरी रहेको उहाँ बताउनुहुन्छ ।

"हाल लागू भएको देवानीसंहिता अन्तर्गतका व्यवस्थामा प्रथाजन्य कानुनको अस्तित्वलाई अङ्गीकार गरिएको छ", उहाँले भन्नुभयो, "न्यायप्रशासनमा नेपाली भाषाका अलावा अन्य मातृभाषालाई मान्यता नदिएका कारण मातृभाषी थारु समुदायले सार्वजनिक निकायमा प्रष्टसँग कुरा राख्न नसक्ने स्थिति भोग्दै आएका छन् ।"

समुदायलाई लिखित कानुन प्रणालीमा समावेश गरी न्यायिक पुन:संरचनमा समावेश गर्न आवश्यक रहेकामा उहाँ जोड दिनुहुन्छ । प्राचीनकालदेखि चलिआएको गाउँ समाजलाई नेतृत्व दिन सक्ने, परम्पराअनुसारको सामाजिक संरचना सञ्चालन गर्नसक्ने, गाउँमा परिआएको समस्या समाधान गर्न सक्ने, गाउँको रीतिरिवाज, परम्परा, संस्कृति आदीको संरक्षण गर्नसक्ने, गाउँका गुरुवा, भर्रा, केसौका, चौकिदार लगायतको चयन तथा नेतृत्व दिन सक्ने प्रथा नै बडघर रहेको थारु बुद्धिजीवी बलबहादुर डगौरा बताउनुहुन्छ ।

"बरघर प्रथाको प्रचलित शासन प्रणाली विगतका शासकले उपेक्षा गरेका कारण राज्य व्यवस्थाले अङ्गालेको शासन प्रणालीमा अटाउन नसकेको हो", उहाँले भन्नुभयो, "बडघर प्रणालीमा भएका राम्रा पक्षलाई प्रचलित शासन प्रणालीमा समावेश गर्ने कार्यसँगै यसलाई दर्शन शास्त्रको रुपमा विकसित गर्ने काममा थारु र राज्यले यसमा ध्यान नदिँदा यो प्रणाली ओझेलमा परेको छ ।"

बडघर प्रणालीलाई हाल कतिपय पालिकाले कानुनी मान्यता दिनका लागि ऐन पारित गरिसकेका छन् । केही गर्ने तयारीमा छन् । ऐनमा भएका प्रावधानले यो प्रणालीमा भएको प्राचीनतालाई संरक्षण गर्न सक्छ वा सक्दैन भन्ने विषयमा प्रयाप्त बहसको खाँचो रहेको उहाँ बताउनुहुन्छ ।

यस प्रणाली अन्तर्गतका बडघरदेखि चौकीदारसम्मले आर्थिक आर्जन नहुने भएकाले यो प्रणालीबाट विकर्षण हुँदै जाने सम्भावना देखा पर्दै गएको उल्लेख गर्दै उहाँले राज्यसँग जस्तै बरघरसँग बाध्यकारी शक्ति नहुँदा यसको प्रभावकारिता कमजोर हुँदै गएको बताउनुभयो । उहाँका अनुसार यस प्रणालीको लिखित दस्तावेज नहुँदा आधुनिक राजनीतिक सिद्धान्त वा प्रणालीको अनुशरणमा नहुँदा व्यक्तिअनुसारको व्याख्या र कार्यान्वयन रहेको देखिन्छ । यस प्रथाअनुसार न्यायप्रणाली व्यक्तिको सोच, क्षमता, निर्णयले हुने गरेको छ ।

यस प्रणालीले जहिले पनि मनोमानी गर्न सक्ने र कमजोरले न्याय नपाउने सम्भावना अधिक रहन्छ । बडघर प्रणालीअन्तर्गत चयन हुने पदाधिकारीलाई प्रभावशाली व्यक्तिले समग्र गाउँका बासिन्दालाई देखाएर राजनीतिक लाभ लिनसक्ने सम्भावना उत्तिकै रहनेमा उहाँ जोड दिनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "बडघर/भलमन्सा प्रणालीलाई दर्शन शास्त्रका रुपमा विकसित गर्दै लैजानुपर्छ, आवश्यकताअनुसार मौलिकता र प्राचीनताको समिश्रण गरी रुढिवादिता लगायतका कमीकजोरीलाई हटाउँदै परिमार्जन गर्दै लैजानुपर्छ, थारु समुदायको कथा, कहानी, मन्त्र, गीत कहकुट आदिको अध्ययन हुनुपर्छ ।" छुट्टै पहिचान, भाषा, संस्कृति र रीतिरिवाज रहेको थारु समुदाय नेपालको पूर्वको मेचीदेखि पश्चिमको कञ्चनपुरसम्मको भू -भागमा अर्थात् २५ जिल्लामा सदियौँदेखि बसोबास गर्दै आएको छ ।

नेपाल सरकारले २०७८ सालमा गरेको जनगणनामा देशको कूल जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेकामा थारु जातीको जनसङ्ख्या १८ लाख सात हजार १२४ रहेको छ । जुन कूल जसङख्याको छ दशमलव दुई प्रतिशत रहेको छ । त्यसमा राना थारु समुदायको शून्य दशमलव २९ प्रतिशत रहेको छ । नेपालका आदिबासी जनजातीको सूचीमा ६० बढी जातजाती सूचिबद्ध गरिएका छन् । त्यसमा थारु र राना थारु समुदायलाई छुट्टाछुट्टै रुपमा सूचीकृत गरिएको छ ।

# अहिंसा महोत्सव आगामी भदौमा आयोजना गरिने

काठमाडौँ, ४ जेठ (रासस) ।

नेपाल शाकहारी सङ्घले करुणा, अहिंसा र पशु अधिकारको प्रवर्द्धन गर्ने उद्देश्यले तीनदिने 'अहिंसा महोत्सव नेपाल' आयोजना गर्ने भएको छ । आगामी भदौ १२ देखि १४ गते (अगस्ट २८-३०, २०२५) सम्म प्रदर्शनीमार्गस्थित नेपाल पुलिस क्लबमा महोत्सव आयोजना गर्न लागिएको हो ।

महोत्सव अवधिभर सबैका लागि नि:शुल्क प्रवेशको व्यवस्था गरिएको आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । 'करुणाले जोड्दछ' भन्ने नाराका साथ आयोजना गरिने महोत्सवले पशुपक्षी, मानव स्वास्थ्य र वातावरणको हितका लागि 'पूर्ण शाकहारी' जीवनशैली अपनाउन प्रेरित गर्ने विश्वास लिइएको छ ।

अहिंसाका मूल्य र शाकहारी जीवनशैलीमा रुचि राख्ने सबैमा समर्पित महोत्सवले पशुमुक्ति अभियन्ता, सङ्घसंस्था र समुदायबीच सम्बन्ध र सहकार्यको पुल बन्ने उद्देश्य पनि राखेको नेपाल शाकाहारी सङ्घका अध्यक्ष कृष्ण गुरुङले बताउनुभयो ।

उहाँका अनुसार महोत्सवका प्रमुख आकर्षणमा दिगो जीवन पद्धति, शाकहारी जीवनशैली र पशु अधिकारसम्बन्धी अन्तरक्रिया; साङ्गीतिक प्रस्तुति; योग सत्र; देशविदेशका अभियन्तासँग प्रत्यक्ष भेटघाट र अनुभव आदानप्रदान; शाकाहारी परिकार तथा पकाउने विधिको प्रदर्शन र विशेष रात्रिभोज रहनेछन् ।

महोत्सवमा ३० हजारभन्दा बढी सहभागी हुने अपेक्षा गरिएको भन्दै ५० हजारभन्दा बढी दर्शकको उपस्थिति रहने अनुमान गरिएको अध्यक्ष गुरुङले उल्लेख गर्नुभयो । उहाँका अनुसार महोत्सवमा शाकहारी उत्पादनका ६० भन्दा बढी कक्ष, ४० भन्दा बढी वक्ता र २० भन्दा बढी सहभागी संस्था रहनेछन् ।

सङ्घले यसअघि २०७४ सालमा काठमाडौँमा ३५ भन्दा बढी अन्तरराष्ट्रिय प्रतिनिधिको सहभागितामा आयोजना गरेको आठौँ एसिया-प्यासिफिक भेजिटेरियन कांग्रेस (एपिभिसी) को सफलतालाई निरन्तरता दिँदै महोत्सव आयोजना गर्न लागिएको जनाएको हो ।

# हावाहुरीका कारण ६ जना घाईते

**दैनिक समाचारदाता**
**सर्लाही, ४ जेठ ।**

शुक्रबार साँझ आएको हुरीका कारण सर्लाही जिल्लाका विभिन्न स्थानमा ६ जना घाइते भएका छन् । हुरीका कारण घर तथा सवारी साधनमा क्षति पुगेको छ ।

शुक्रबार साँझ सर्लाहीसहित तराईका विभिन्न जिल्लामा हुरी आएको थियो । हुरीका कारण कच्ची घरमा क्षति पुगेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए ।

उनका अनुसार हुरीका कारण बकाइनोको रूख भाँच्चिदा बागमती नगरपालिका २ धरहराका अन्दाजी ३८ वर्षका नवराजराय क्षेत्री घाइते भएका छन् । उनको ढाडमा चोट लोको छ । घाइते क्षेत्रीलाई नमुना अस्पताल हरिवनमा सामान्य उपचारपछि थप उपचारका लागि भरतपुर पठाइएको छ । बारीमा काम गरिरहँदा एक्कासी आएको हुरीले बकाइनोको रूख भाँचिएको थियो ।

हुरीले उडाउँदा हरिपुर्वा नगरपालिका ६ निवासी ५० वर्षकी सुमीदेवी घरको छतबाट लडेर घाइते भएकी छन् । उनको हात, मुख र आँखामा चोट लागेको प्रहरीले जनाएको छ । उनको स्थानीय स्वास्थ्य संस्थामा सामान्य उपचारपछि जनकपुरस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको परिवारले जनाएको छ ।

हुरीका कारण रुखको हाँगा भाँचिएर लाग्दा यहाँको हरिवन नगरपालिका ५ घुर्कौली निवासी १८ वर्षका बलिराम महतो र ५२ वर्षका गङ्गाराम महतो पनि घाइते भएका छन् । उनीहरूलाई हरिपुर नगरपालिका-२ सानो जगतपुरस्थित भित्री सडक खण्डमा मोटरसाइकल चलाइरहेको अवस्थामा रुखको हाँगा भरेर लागेका इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ ।

हरीको उडाएको जस्ता पाताले लागेर हरिवन नगरपालिका ५, घुकौली निवासी ७५ वर्षकी दलेमुन खातुन घाइते भएकी प्रहरीले जनाएको छ । हुरीको समयमा आफ्नै घरमा रहेको किराना पसलमा बसिरहेकी उनलाई कठघराको जस्ता उडेर लागेको थियो । उनको दायाँ आँखामा चोट लागेको छ । घाइते खातुनको नमुना अस्पताल हरिवनमा उपचार भइरहेको प्रहरीले जनाएको हो ।

हुरीले सर्लाहीको गोडैता नगरपालिका १२ मधुवनी गाउँको चोकमा रहेको होटलमा क्षति पुग्दा रु ६० हजार मूल्य बराबरको क्षति भएको छ । जिल्ला प्रहरीका प्रवक्ता राईका अनुसार सोही स्थान निवासी मुन्ना सिंहको जग्गामा सञ्जीव पासवानले काठ र फुसको घर बनाएका थिए । उक्त घरमा रामनगर गाउँपालिका-७, निवासी उमेश साहले भाडामा होटल सञ्चालन गरिरहेका थिए ।

हुरीले रूख लडेर च्याँपिदा हरिवन नगरपालिका-११ स्थित इलाका प्रहरी कार्यालय हरिवनको पार्किङमा रहेका तीन वटा मोटरसाइकलका क्षति पुगेको छ । रुख ढल्दा इलाका प्रहरी कार्यालयका नाममा रहेको बा एएसी ३४९० नम्बरको मोटरसाइकल र अनुसन्धानका लागि कार्यालय परिसरमा राखिएको नम्बर नखुलेको थप दुई वटा मोटरसाइकलमा क्षति पुगेको हो ।

पूर्व-पश्चिम राजमार्गस्थित ईश्वरपुर नगरपालिका-१२ मा हुरीका कारण रूख ढल्दा सवारी दुर्घटनामा परेको छ । हावाहुरीले सडकमा ढलाएको रूख छलाउन खोज्दा बाँकेबाट लालबन्दीतर्फ आउँदै गरेको पिकअप गाडी सडक छेउमा पल्टिएको हो ।

दुर्घटनामा पिकअप चालक पर्सा गाउँपालिका ४ का ३५ वर्षका राजनारायण महतो घाइते भएका प्रहरीले जनाएको छ । उनको हातको औंलामा चोट लागेको छ । घाइते महतोलाई उपचारका लागि लालबन्दीस्थित स्वास्थ्य संस्थामा राखिएको प्रहरी नायब उपरीक्षक राईले जानकारी दिए ।

# पच्चीस बुँदे आह्वान जारी गर्दै सकियो सगरमाथा संवाद

काठमाडौं, ४ जेठ (रासस) ।

नेपाल सरकारले पहिलो पटक आयोजना गरेको सगरमाथा संवाद २५ बुँदे 'सगरमाथा कार्य आह्वान' जारी गर्दै आइतबार सम्पन्न भएको छ । 'जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य' विषयको पहिलो संस्करण यही जेठ २ देखि सुरु भएको थियो ।

सगरमाथा कार्य आह्वानले दिगो भविष्य सुनिश्चित गर्न साझेदारीलाई सुदृढ गरेर पूर्व-औद्योगिक स्तरभन्दा १.५ डिग्री सेल्सियसभन्दा बढी विश्वव्यापी औसत तापक्रम वृद्धि हुन नदिने अत्यावश्यकतालाई पुनः पुष्टि गरेको छ ।

आफ्नो देश विशेष अनुकूलन आवश्यकताहरू पूरा गर्न राष्ट्रिय अनुकूलन योजनाहरू विकास र कार्यान्वयन गर्न थप प्रोत्साहित गरिने, विकासशील र विशेष परिस्थितिमा रहेका देशमा जलवायु कार्य कार्यान्वयनका लागि अन्तरराष्ट्रिय वित्तीय सहायताको वृद्धि र परिचालन गर्न आह्वान गरिने उल्लेख छ ।

संवादले विकासशील र जलवायु परिवर्तनको जोखिममा रहेका देशलाई द्विपक्षीय, बहुपक्षीय र वैकल्पिक स्रोतबाट वित्तीय संयन्त्रका सञ्चालन निकाय र यूएनएफसीसीसी र पेरिस सम्झौताअन्तर्गतका कोषसहित अन्तरराष्ट्रिय जलवायु वित्तमा समान र सरलीकृत पहुँच सुनिश्चित गर्न सामूहिक प्रयासहरूलाई प्रोत्साहित गर्न आह्वान गरेको छ ।

पर्वतीय क्षेत्रहरूमा जलवायु कार्य र दिगो विकासका लागि लक्षित वित्तीय स्रोतहरू परिचालन गर्न पर्वतीय देशहरूको विकासका लागि समर्पित कोष स्थापना गर्ने आह्वानलाई समर्थन गर्ने र मौजुदा तथा नवप्रवर्तनकारी वित्तीय स्रोतहरूको उपयोग गरी पर्वतीय पारिस्थितिक प्रणाली सेवाहरूको मान्यता, सम्मान र पुरस्कृत गर्न प्राथमिकता दिने सगरमाथा कार्य आह्वानमा उल्लेख छ ।

दिगो जलवायु कार्यलाई बढावा दिन निजी क्षेत्रको वित्त र कार्बन बजारहरूको भूमिकालाई जोड दिने, जलवायुमैत्री प्रविधिमा पहुँच सहज बनाउन र क्षमता अभिवृद्धि गर्न विश्वव्यापी र क्षेत्रीय साझेदारीलाई सुदृढ गर्ने संवादको निष्कर्ष छ ।

संवादले ग्रामीण र सहरी समुदाय दुवैमा सानादेखि ठूला स्तरका पूर्वाधारसम्म हरित, लचिलो र समावेशी विकास प्रवर्द्धन गर्ने महत्त्वलाई स्वीकार गर्दै स्वच्छ ऊर्जा, ऊर्जा दक्षता र न्यायपूर्ण ऊर्जाको महत्वलाई जोड दिने, स्वच्छ ऊर्जाका साथै हरित, चक्रीय र बायो-अर्थतन्त्रमार्फत भविष्यलाई शक्ति प्रदान गर्ने महत्त्वलाई स्वीकार गरेको छ ।

जलवायुजन्य विपद्हरूलाई सम्बोधन गर्न र हिमनदी, जलस्रोत, वन र कृषि प्रणालीको संरक्षणका लागि विज्ञान, प्रविधि र नवप्रवर्तनमा आधारित समाधानहरूलाई प्रवर्द्धन गर्ने आह्वानमा उल्लेख छ ।

"क्षेत्रीय जलवायु, मनसुन, क्रायोस्फियर र जनस्वास्थ्यमा गहिरो प्रभाव पार्ने ट्रिपल प्लानेटरी क्राइसिस र अल्पकालीन जलवायु प्रदूषकहरूमा विशेष ध्यान दिई हिमाल र जलवायु परिवर्तन एजेन्डामा संवादलाई प्रोत्साहित गर्दछौं । विकासशील देशहरूको आवश्यकता अनुरूप तथ्याङ्क प्रणालीलाई सुदृढ गर्ने, तथ्याङ्क साझेदारी र अन्तरसञ्चालन सुनिश्चित गर्ने र जलवायु एट्रिब्युसन र पूर्वचेतावनी संयन्त्रहरू विकास गर्ने अत्यावश्यकतालाई स्वीकार गर्दछौं" सगरमाथा कार्य आह्वानका उल्लेख छ ।

बालबालिका, युवा, महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरूको सक्रिय सहभागितामार्फत समावेशी जलवायु कार्यहरूलाई बढावा दिन र अन्तर-पुस्ता र अन्तर-पुस्ता समानता कायम राख्दै लैङ्गिक सन्तुलन कायम गर्ने आह्वानमा उल्लेख छ ।

पर्वतीय समुदायहरूको आवाजलाई विश्वव्यापी जलवायु प्रक्रियाहरूमा बुलन्द गर्ने उद्देश्यले संवाद, नवप्रवर्तन र सशक्तीकरणका लागि हिमाल र जलवायु परिवर्तनसम्बन्धी बहु-सरोकारवाला अन्तरराष्ट्रिय मञ्चको सिर्जना गर्न आह्वान गरिएको छ ।

आह्वानमा भनिएको छ, "स्थानीय र आदिवासी समुदायहरूको जलवायु नीति, कार्यक्रम र कार्यहरूमा, अनुकूलन र संरक्षण पहलसहित भूमिकालाई स्वीकार गर्दछौं । वातावरणीय सेवाहरूको भुक्तानीका लागि संयन्त्रहरू विकास गर्ने आवश्यकतालाई जोड दिने र नवप्रवर्तनकारी जलवायु वित्तपोषण अपनाउन सक्षम बनाउन आह्वान गर्दछौं ।"

ज्ञान केन्द्रहरू विकास, उत्कृष्ट अभ्यासहरू साझा गर्ने र जलवायु नीति, कार्यक्रम र कार्यहरूमा स्थानीय समुदायहरूको भूमिका बढाउने आवश्यकतालाई जोड दिइएको छ । संवादमा सगरमाथादेखि समुद्रसम्म र उच्च भूभागदेखि टापुसम्म गुञ्जिने गरी तत्काल जलवायु कार्यका लागि साझा आवाज बनाउने संकल्प गरिएको छ ।

## जलवायु न्याय ...

गराउने काम भएको छ । जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा पारेका असरका विषयमा सबैको साझा धारणा बनाउने लक्ष्यका साथ आयोजना गरिएको यस संवादबाट जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्नका लागि पनि पहल गर्न जलवायुका असरसँग जुध्नसक्ने क्षमता बढाउने गरी रणनीतिसहित घोषणापत्र जारी हुनेछ ।

नेपालले पनि जलवायु अनुकूलनका कार्यक्रम अब थप विलम्ब नगरी योजना आयोगबाट होइन, स्थानीय तहबाट सुरु गर्नुपर्दछ । निर्णय प्रक्रियामा महिला, जनजाति, दलित, युवा र गरिब समुदायको समावेशी सहभागिता सुनिश्चित गर्नुपर्दछ । जलवायु शिक्षालाई विद्यालयदेखि विश्वविद्यालय तहसम्म पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ र सबै सार्वजनिक परियोजनामा जलवायु प्रभाव मूल्याङ्कन अनिवार्य गर्न आवश्यक छ ।

यसैगरी सबै नागरिकको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । वृक्षरोपण, ऊर्जा बचत, वैकल्पिक ऊर्जा प्रयोग, प्लास्टिकको प्रयोग घटाउने, सार्वजनिक सवारी प्रयोग र वातावरण-मैत्री जीवनशैली अपनाएर जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सकिन्छ ।

अन्त्यमा, जलवायु न्याय केवल सहानुभूतिको मुद्दा होइन, यो जिम्मेवारीको प्रश्न हो । नेपालजस्ता मुलुकले पाएको असरको न्यायोचित क्षतिपूर्ति, अनुकूलन र भविष्यको सुरक्षाका लागि नीतिगत दृढता, अन्तरराष्ट्रिय ऐक्यबद्धता र स्थानीय समावेशी कार्यान्वयन अपरिहार्य छ । जलवायु न्याय सुनिश्चित नगरेसम्म न त विकास सम्भव छ, न नै शान्ति, समृद्धि र भविष्यको अस्तित्व । *(लेखक पिपिनेट नेपालका अध्यक्ष तथा विपद् व्यवस्थापनका क्षेत्रका अभियन्ता हुनुहुन्छ)*

## खैरो हिरोइन र...

प्रहरीका अनुसार प्रतिग्राम ४ देखि ५ हजारमा खरिदबिक्री हुन्छ ।

यस्तै बरियारपट्टी गाउपालिका ३ बाट खैरो हिरोइनसहित पक्राउ परेका थप दुई जनालाई पनि सिरहा प्रहरीले सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा औरही गाउँपालिका २ का २० वर्षीय कृष्णकुमार यादव र १९ वर्षीय निरज राई छन् । उनीहरुबाट ७१ मिलिग्राम खैरो हिरोइन बरामद भएको प्रहरीले जनाएको छ ।

यस्तै १६ लाख ३८ हजार ३७ रुपैयाँसहित पक्राउ परेका हुण्डी कारोबारीलाई पनि सार्वजनिक गरिएको छ । प्रहरीका अनुसार सिरहा नगरपालिका २ बाट वडा नम्बर १७ का सञ्जय कारक पक्राउ परेका छन् ।

# स्विमिङ पुलमा डुबेर बालकको मृत्यु

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ४ जेठ ।**

धनुषाको जनकपुरधाम उपमहानगरपालिका १ मुसहरी टोलस्थित रघुपति पाटी प्यालेसको स्विमिङ पुलमा डुबेर एक जना बालकको मृत्यु भएको छ ।

सोही ठाउँ बस्ने राम कुमार पासवानको छोरा ४ वर्षीय रंजीत कुमार पासवानको शुक्रबार साँझ मृत्यु भएको हो । डुबेर अशक्त भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीको भनाई छ ।

यता रौतहटको चन्द्रपुर नगरपालिका १ नुनथर बाग्मती खोलामा डुबेर भारत बिहार सितामढी बस्ने २८ वर्षीय हिमान्शु कुमारको मृत्यु भएको छ ।

पौडी खेल्ने क्रममा शुक्रबार दिउँसो डुबेर बेपत्ता भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर र प्रहरी चौकी पौराहीबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा शनिबार बिहान उनको शव फेला परेको हो ।


## नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

नियमित स्वास्थ्य परीक्षण किन ?

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

त्यसैले,

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*